# प्रदेश-३

उपमहानगर क्षेत्रमा २ सय ५० वटा अटो र मयुरी सञ्चालन अनुमति दिइए पनि हेटौंडामा १ हजार ३ सयभन्दा बढी अटो र मयुरीका कारण ट्राफिक क्षेत्रमा धेरै समस्या भएकाले यात्रु आवागमनका लागि बसले सहज सेवा दिने अपेक्षा छ।

## नारायणगढ-मुग्लिन सडकको विकल्प

# भण्डारा-मलेखु चेपाङ राजमार्ग

**कृष्ण आचार्य, चितवन**

चितवनको भण्डारादेखि धादिङको मलेखुसम्मको चेपाङ राजमार्गको निर्माण कार्य शुरू भएको छ। ट्रयाक खोलेको ८ वर्षपछि चितवनबाट सीधै काठमाडौं जाने चेपाङ राजमार्गको पहाडीखण्ड निर्माण थालिएको हो। डिभिजन सडक कार्यालयमार्फत थालिएको सडक निर्माणको काम चितवनतर्फ भण्डाराको प्यारीढाप र मलेखुको धादिङबाट निर्माण कार्य शुरू भएको छ।

नेपाल-भारत सीमा नाका चितवनको ठोरीबाट शुरू गरेर रसुवागढीसम्म यो सडक पुऱ्याउने सरकारी योजना रहेको डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख धर्मेन्द्रकुमार झाले बताए। चितवनखण्डअन्तर्गत ११ किलोमिटर र धादिङतर्फ ११ किलोमिटर सडक कालोपत्रे गर्न ठेक्का सम्झौता भई काम शुरू भइसकेको उनले जानकारी दिए।

चितवनतर्फको साढे ४ किलोमिटर कलोपत्रे र साढे ६ किलोमिटर सडकको बेस बिछ्याउने काम भइरहेको प्रमुख झाले बताए। राप्ती नगरपालिकाको आँपपानीदेखि थाकलटारसम्म सडक कलोपत्रे गर्न बेस बिछ्याइएको छ। धादिङतर्फ भने ११ किलो मिटर कालोपत्रे गर्ने ठेक्काबमोजिम ८ किलोमिटर सडक चौडा पार्ने काम भइरहेको प्रमुख झाले बताए। 'चितवन र धादिङबाट ११/११ किलोमिटर कालोपत्रे गर्न २४ करोड रुपियाँमा ठेक्का सम्झौता भएर काम भइरहेको छ', झाले भने- '२२ किलोमिटर सडक निर्माणको काम असोज महिनाभित्रै सम्पन्न गरी बाँकी सडकखण्ड निर्माणका लागि अर्को टेन्डर आह्वान गर्ने सरकारी योजना छ।' ठेक्का सम्झौता भएको २२ किलोमिटर सडकको काम ७० प्रतिशत पूरा भइसकेको कार्यालय प्रमुख झाको दाबी छ। भण्डारा-मलेखु सडक ४ वर्षभित्र सम्पन्न गर्नेगरी तीव्र गतिमा काम भइरहेको कार्यालयका प्रमुख झाले बताए। सडकखण्डअन्तर्गत चितवनखण्ड ३९ र धादिङखण्ड २३ किलोमिटर पहाडी सडक निर्माण हुनेछ।



भण्डाराबाट मलेखुसम्मको सडकखण्ड ६२ किलोमिटर भए पनि ठोरीदेखि मलेखुसम्म १ सय ३२ किलोमिटर सडक निर्माण हुनेछ। सो सडकमा साढे ५ मिटर कलोपत्रे र सोल्जरसहित ७ मिटरको सडक निर्माण हुने झाले बताए। ठोरीबाट भण्डारा सडक जोड्न निकुञ्जले अनुमति दिनुपर्ने भएकाले समस्या सिर्जना भएको कार्यालयका प्रमुख झाले बताए।

सो सडकखण्डअन्तर्गत राप्ती नगरपालिकाको वडा ११ हात्तीढाप र वडा नं.१२ ढिटार जोडने लोथर खेलामा ९० मिटरको पुल निर्माणको काम भइरहेको छ। सडक निर्माण शुरू भएपछि चेपाङ समुदायमा खुसियाली छाएको छ। भण्डारा-मलेखु सडक सञ्चालनमा आएपछि नारायणगढ-मुग्लिन सडकखण्डमा सवारीसाधनको चाप घट्नेछ भने पहाडी क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत चेपाङ समुदायको जीवनस्तर सुधारिनेछ। सो सडक निर्माण भएपछि चितवनबाट काठमाडौंको सडक दूरी घट्नेछ।

भण्डारबाट महेन्द्रराजमार्ग हुँदै मलेखुसम्म जान १ सय ६ किलोमिटरको दूरी छ भने भण्डारा-मलेखु चेपाङ राजमार्ग ६२ किलामिटरमात्रै रहेकाले ४४ किलोमिटर दूरी कम हुने डिभिजन सडक कार्यालय भरतपुरका इन्जिनियर कृष्णप्रसाद आचार्यले बताए। सो सडकको ट्रयाक खोलेपछि भण्डाराबाट यौरेलीटारसम्म सवारीसाधन चल्न थालेका छन्। पहाडी क्षेत्रमा गाडी चल्न थालेपछि चेपाङलाई आफूले उत्पादन गरेका सामग्री बजारसम्म ल्याउन सहज भएको छ।

'बस चल्न थालेपछि धेरै सजिलो भएको छ', राप्ती नगरपालिका वडा नं.१३ कालिटारका जमानसिंह प्रजाले भने- 'पहिला ५ घन्टा हिँडेर भण्डारमा जानुपर्थ्यो, अहिले चाँडै पुगिन्छ।' उनले आफूले उत्पादन गरेको कृषि सामग्री बसमै हालेर बजारसम्म लैजाने गरेको बताए। सडकको सहज पहुँच नभएका कारण विगतमा चेपाङले उत्पादन गरेका सामग्री बस्तीमा कुहिएर फाल्नुपर्ने अवस्था रहेको थियो। सडकमा बस चल्न थालेपछि चेपाङले उत्पादन गरेका सामग्री बजारसम्म ल्याएर उचित मूल्यमा बिक्री गर्न थालेको राप्ती नगरपालिकाकी मेयर प्रभा बरालले बताइन्। 'सडकै कारण चेपाङ बस्तीमा चहलपहल शुरू भएको छ', उनले भनिन्- 'अहिले चेपाङ समुदायको दैनिकीसमेत परिवर्तन हुँदै गएको छ।'

# वासुकी पार्कको सम्भाव्यता अध्ययन शुरू

**नेपाल समाचारपत्र**

काभ्रे

बनेपा नगरपालिकाले साविक साँगा गाविस हालको वडा नम्बर १३ मा वासुकी पार्क बनाउने प्रस्ताव तयार गरी पार्कको सम्भाव्यता अध्ययन शुरू गरेको छ।

आन्तरिक तथा बाह्य पर्यटनको प्रबर्द्धन गर्न नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा बनेपा नगरपालिका, जिल्ला समन्वय समितिको समन्वयमा पार्क निर्माण पक्रिया अगाडि बढाइएको नगरप्रमुख लक्ष्मीनरसिंह बादेले भने। नागरिकलाई प्राकृतिक र सर्वसुलभ मनोरञ्जन दिन, स्थानीयका लागि सुरक्षित मर्निङ वाक (शुभ अभ्यास) स्थल उपलब्ध गराउन र विपन्न र बेरोजगार समुदायका लागि यात्रु सत्कारका व्यावसायिक अवसर प्रदान गर्ने उद्देश्यले उक्त पार्क निर्माणको प्रक्रिया अगाडि बढाइएको हो। वासुकी पार्क निर्माणसँगै उक्त स्थानमा आसपासका थुम्काको परम्परागतरूपमा रहेका गाईबस्तुलाई पानी खुवाउने १० वटा पोखरीको पुनः निर्माण गर्दा पर्यापर्यटनको आकर्षण बढ्नुका साथै पानी रिचार्ज भएर १० वटा बस्ती पूर्वावस्थामै हराभरा गराउने तयारी गरिएको छ।

वासुकी थुम्कामा पार्कसहित हाइकिङ रुट कायम गरिएको छ। मुहान टोल, कागल बस्ती कागलबाट ५ सय मिटरमाथि सिँढी मार्ग बनाएर खरानी थुम्का पुग्ने (बीच भागमा विश्रामस्थल, थापा गाउँ, राय गाउँ बनेपा १०, पाण्डे गाउँ, बनेपा ११, राय गाउँ र पाण्डे गाउँको बीचबाट माथि झाँक्री गुफा, झाँक्री गुफामाथि भगवान थुम्का, पाण्डे गाउँबाट झाक्री गुफा हुँदै भगवान थुम्कासम्म सिँढी निर्माण, ५ सय मिटर खरानी थुम्काबाट, भगवान् थुम्कासम्म बाटो निर्माण गरी थुम्कीलाई रमणीय बनाइने योजना तयार गरिएको छ। त्यस्तै मनकामना मन्दिर, नेवार गाउँ, बनेपा १०, वडा नं. १३ बाँजावनमाथिको कुटीबाट वासुकी थुम्कासम्म ५ सय मिटर सडक निर्माण र वासुकी थुम्कामा विश्रामस्थल निर्माण हुनेछ। पार्कमा सिँढी निर्माणसँगै ९ वटा विश्रामस्थल, १० वटा रिचार्ज पोखरी, भ्यु टावर र ४ वटा भ्यु प्वाइन्ट निर्माण हुनेछन्। शहीद पार्क, शहीद स्तम्भ, मनोरन्जन पार्क, चिल्ड्रेन पार्क, विश्रामस्थल ३ वटा, शौचालय, गेटसम्मा कम्पाउन्ड, बगैंचा र खानेपानीको समेत व्यवस्थापन हुनेछ। बनेपा नगरपालिकाभित्र शहर वरिपरि रहेका सुन्दर प्राकृतिक थुम्का गोसाइँथुम्का, देउराली डाँडा, गुम्बा डाँडा, ठूलोवन, सल्लेडाँडा, चतुरे डाँडा, पेरुङगे डाँडा र वासुकी थुम्काले प्राकृतिक सौन्दर्यता प्रदान गर्दै आएका छन्। धार्मिक क्षेत्रको हिसाबले बनेपालाई महत्त्वपूर्ण नगरका रूपमा चिनाएको छ। स्थानीय समुदायको आयआर्जनमा सहयोग पुग्ने गरी पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले यो पार्कलाई विशेष महत्त्वका रूपमा लिएको छ। नगरपालिकाले गत चालू वर्षको बजेटमा उक्त पार्क निर्माण गर्ने घोषणा गरेको थियो।

पार्कका लागि भ्याटसहित ९ करोड ९५ लाख ३१ हजार ४ सय ६६ रुपियाँ लागत अनुमान गरिएको छ। बनेपा नगरपालिकाका प्रमुख लक्ष्मीनरसिंह बादे, समन्वय समितिका प्रमुख उद्धव केसी र सबइन्जिनियर हरिचन्द्र लामिछानेसहितको टोलीले पार्क निर्माण हुने स्थानको अवलोकनसमेत गरेको छ। अवलोकनपश्चात् पार्क निर्माणको विस्तृत सर्भे तयार गरिएको हो। नगरपालिकाले उक्त योजना सम्पन्न गराउने गरी तयारी शुरू गरेको हो।

# वन्यजन्तु संरक्षणका लागि ज्याली र सांस्कृतिक कार्यक्रम

चितवन, (नेस)

टाइगर युवा क्लब भरतपुर २७, तेलौलीको आयोजनामा आइतबार भरतपुर २७ र २८ मा पर्ने मेघौली क्षेत्रमा मोटरसाइकल ज्याली निकालिएको छ। ज्यालीका क्रममा बीचबीच बजारमा सांस्कृतिक कार्यक्रम पनि गरिएको थियो। मेघौली प्रवेशद्वारबाट शुरू भएको संरक्षण मोटरसाइकल ज्याली पर्साढाप, धरमपुर, बुद्धनगर, तेलौली, गौतमनगर, साझापुर, शेरुवा, जीतपुर, पर्साढाप बजार हुँदै गोलाघाटसम्म पुगेर औपचारिक कार्यक्रममा परिणत भएको थियो। त्यस क्रममा धरमपुर, तेलौली, साझापुर, जीतपुर बजारमा कलाकारले संरक्षण गीत गाएका थिए भने स्थानीय तथा सहभागी नाचेका थिए।

ज्यालीपछि आयोजित कार्यक्रममा टाइगर युवा क्लबका अध्यक्ष हरिबहादुर आचार्य, भरतपुर २७ का वडाअध्यक्ष गोविन्द तामाङ, २८ का वडाअध्यक्ष आशबहादुर कुमाल, मेघौली उपभोक्ता समितिका अध्यक्ष श्यामप्रसाद अधिकारीलगायतले वन्यजन्तु बचाउन सकेमात्रै यहाँको विकास हुने बताए। उनीहरूले वन र वन्यजन्तु कसैको व्यक्तिगत सम्पत्ति नभएर यी सबै पृथ्वीका साझा भएको बताउँदै संरक्षणमा सबै क्षेत्र लाग्नुपर्ने उनीहरूको भनाइ थियो।

## प्रधानमन्त्रीसँग निर्माण व्यवसायीको आग्रह

# 'स्वतन्त्र विज्ञको आयोग बनाउनुस्'

**नेपाल समाचारपत्र**

हेटौंडा

मकवानपुरका निर्माण व्यवसायीले स्वतन्त्र विज्ञको आयोग बनाएर अध्ययन/अनुसन्धान गरी संलग्न पक्षमध्ये कसले गल्ती/लापरबाही गरेको छ र के/कस्ता कारण त्यस्तो भएको छ भन्ने पहिचान गरेरमात्र सोहीअनुसार कारबाही अघि बढाउन आग्रह गरेको छ।

संघले प्रधानमन्त्री केपी शर्मा ओलीसँग गलत काम गर्ने व्यवसायी पहिचान गरेरमात्र कारबाही गर्न आग्रह गरेको हो। निर्माण व्यवसायी संघ मकवानपुरले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै यस्तो आग्रह गरेको छ।

संघका अध्यक्ष आनन्दराम पराजुलीले प्रजिअ चक्रबहादुर बुढामार्फत प्रधानमन्त्रीसमक्ष आइतबार ज्ञापनपत्र बुझाउँदै सरकारले बिनाकारण, अनुसन्धान नगरी र गल्ती नछुट्याई कारबाही प्रक्रिया अघि बढाएकोप्रति आपत्ति जनाइएको बताउनुभयो।

ज्ञापनपत्रमा निर्माण व्यवसायीले ढिलाई गरेको, गुणस्तरीय काम नगरेकोलगायत आरोप लगाएर पक्राउ गर्ने कार्य भइरहेको र उक्त कार्य नेपालको संविधान, सार्वजनिक खरिद ऐन, नियमावली, करार ऐन, निर्माण व्यवसायी ऐन र मौलिक हकसम्बन्धी कानुनविपरीत रहेको उल्लेख छ।

संघले पक्राउ गर्ने, बिनाकारण कारबाही गर्ने र व्यवसायीलाई काम गर्ने वातावरण नबनाउने प्रवृत्ति बन्द गर्दै कानुन र प्रक्रियागत अध्ययन/अनुसन्धान गरी समाधानको मार्ग अवलम्बन गर्न सरकारसँग आग्रह गरेको छ।

संघले ९ बुँदे ज्ञापनपत्रमा डीपीआर र लागत अनुमान, कम दररेट बोलकबोल निरुत्साहन गर्ने, समयमा भुक्तानी नभएको, विभिन्न आयोजनाको म्याद थप, मूल्यवृद्धि समायोजन, सार्वजनिक निकायबीच समन्वय र सरुवा, बोलपत्रीय क्षमता, चन्दाआतंक, असुरक्षा, निर्माण व्यवसायीका यन्त्र उपकरणमाथि निरन्तर आगजनी तथा खोला र खानीजन्य निर्माण सामग्रीको सहज र सरल उपलब्धता नहुने विषय उल्लेख गरेर सरकारको ध्यानाकर्षण गरेको छ।

सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा समेत विकास निर्माणका कामलाई तीव्रता दिने र कमसल काम गर्ने तथा समयमा नसक्ने निर्माण व्यवसायी र ठेकेदारलाई कानुनी कारबाही गरिने बताउँदै आएको छ। गृह मन्त्रालयले विकास निर्माणका काम लिएर समयमा नसक्ने ठेकेदारलाई कारबाही गर्ने बताएको छ। काम नहुने प्रवृत्ति देखिएकाले ठेकेदारलाई बोलाएर स्पष्टीकरण सोध्न निर्देशन दिइएको गृह मन्त्रालयले बताएको छ।

देशभर उस्तै प्रवृत्ति रहेको भन्दै विकास निर्माणका परियोजनामा देखिएका लापरबाहीबारे अनुगमन गर्न र कारबाहीको दायरामा ल्याउन जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको छ।

# पहिरोले सवारी आवागमन प्रभावित

हेटौंडा, (नेस)

पहिरो खस्दा सवारी आवागमन प्रभावित भएको छ। इन्द्रसरोवर गाउँपालिका-२ को छेपारे तथा कुलेखानी र भीमफेंदी गाउँपालिका-२ को महभीरमा पहिरो खस्दा सवारी आवागमन प्रभावित बन्न पुगेको हो।

सडकमा पहिरो खसेपछि शनिबार बेलुका ७ बजेदेखि महभीर हुँदै पालुङ-काठमाडौं चल्ने सवारीसाधन प्रभावित भएका छन्। छेपारे र कुलेखानीमा खसेको पहिरोका कारण फर्पिङ-सिस्नेरी चल्ने सवारीसाधन पनि चल्न सकेका छैनन्। प्रहरीले अवरुद्ध सडक खुलाउने प्रयास भइरहेको जनाएको छ।

अविरल वर्षाका कारण महभीर र सातघुम्तीमा पहिरो जाँदा शनिबार रातिदेखि अवरुद्ध त्रिभुवन राजपथ आइतबार बिहानबाट सञ्चालन भएको छ। राजपथ सुचारु भएपछि हेटौंडा-काठमाडौं यातायात सञ्चालनमा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

वर्षाकै कारण मदन भण्डारी राजमार्गअन्तर्गत हेटौंडा-कुलेखानी सडक अवरुद्ध भएको छ। हुमानेभञ्ज्याङ र सिस्नेरीको सुकौरा ड्याममा पहिरो जाँदा सडक अवरुद्ध बनेको हो। प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले आइतबार बिहान सडक खुलाउन पालुङबाट डोजर र प्राविधिक त्यसतर्फ पठाइएको जानकारी दिनुभयो।

# हेटौंडामा गुड्यो साझा यातायात

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा उपमहानगरमा साझा यातायात सञ्चालनमा आएको छ। हेटौंडा बजार क्षेत्र र वरपरका क्षेत्रमा सञ्चालनमा रहेका अटो र मयुरीले यात्रुसँग बढी भाडा असुल गरेर हैरान बनाएको गुनासो सुनिएको अवस्थामा साझा यातायात सञ्चालनमा ल्याइएको हो।

उपमहानगर क्षेत्रमा २ सय ५० वटा अटो र मयुरी सञ्चालन अनुमति दिइए पनि हेटौंडामा १ हजार ३ सयभन्दा बढी अटो र मयुरीका कारण ट्राफिक क्षेत्रमा धेरै समस्या भएकाले यात्रु आवागमनका लागि बसले सहज सेवा दिने अपेक्षा छ।

उपमहानगरपालिकासँगको समन्वयमा मकवानपुर साझा यातायात प्रालिले ११ वटा बस सञ्चालनमा ल्याएको हो। साझा यातायात सेवा प्रारम्भ गर्दै मेयर हरिबहादुर महतले यात्रुलाई मुस्कानसहित सेवा दिन आग्रह गर्नुभयो।

आरामदायी र सुरक्षित यात्राका लागि निजी कम्पनीसँगको समन्वयमा बस सञ्चालनमा ल्याइएको मेयर महतले बताउनुभयो। हेटौंडाको मुख्य बुद्धचोकबाट साझा बस चढेर

मेयर महत, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक लोकेन्द्र श्रेष्ठ, हेटौंडाका वडाअध्यक्षलगायतलाई बसमा यात्रा गराएर उद्घाटन गरिएको थियो। हेटौंडाका सबैजसो वडाका नागरिकलाई सुरक्षित यात्रा गराउनु उपमहानगरको दायित्व भएकाले सेवा अझ विस्तार गरिने मेयर महतको भनाइ छ।

हेटौंडाको बुद्धचोकदेखि पीपलबोट, लोकप्रियचोक, नगरपालिका रोड, सिँचाइटोल, कान्तिलोकपथ हुँदै राप्तिरोडमा अतिथिलाई यात्रा गराएपछि सेवा सञ्चालनमा आएको छ। मकवानपुरका यात्रुको मागलाई ध्यानमा राखेर उपमहानगरको नियन्त्रणमा भाडादर कायम गर्ने गरी यातायात सञ्चालनमा ल्याइएको हो।

उपमहानगरको समन्वयमा सञ्चालन भए पनि प्रालि दर्ता गरेर बस सञ्चालनमा ल्याइएको प्रालि अध्यक्ष भेष खड्गीले जानकारी दिनुभयो।

निकट भविष्यमा २० वटा बस सञ्चालनमा ल्याइने खड्कीले बताउनुभयो। नगरबस हेटौंडा बजार क्षेत्र, भित्री सडक, हटिया, हर्नामाडी, बसामाडी, मनहरीलगायत क्षेत्रमा सञ्चालन गरिनेछ। महिला सहचालकसहित बससेवा शुरू गरिएको छ। हेटौंडाका १० व्यवसायीको ३ करोड ५० लाख रुपियाँ लागतमा सञ्चालन गरिएको बसबाट ५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्।

२०७५, असार
सोमबार
8

'सेती नदीमा १ जना मान्छे बँचाऊ-बँचाऊ भन्दै बगिरहेको थियो प्रहरी र सेनाको उपस्थितिमा तालिम प्राप्त उद्धारकर्ताले उनलाई बचाइरहेको देख्दा कसलाई के भयो भनेर हतारमा दौडेर आएँ तर, त्यो वास्तविक रहेनछ, हामी त चकित पर्‍यौं।'

# नेपाल

# सुरुङमा फसेका मजदुरको ३८ घन्टापछि सकुशल उद्धार

**इन्द्र गिरी, संखुवासभा**

अरुण तेस्रो जलविद्युत् आयोजनाको सुरुङ खन्ने क्रममा पुरिएर बेपत्ता ४ जना मजदुरको ३८ घन्टापछि सकुशल उद्धार गरिएको छ। शुक्रबार साँझ सुरुङभित्र काम गर्दै गर्दा करिब ५० मिटरमाथिबाट झरेको पहिरोले पुरिएर २ जना नेपाली र २ जना भारतीय कामदार बेपत्ता भएका थिए।

उनीहरूको आइतबार बिहान ११ बजे ३८ घन्टापछि सुरुङमाथिबाट प्वाल बनाई सकुशल निकालिएको छ। उद्धार गरिएकामा कालिकोट सिउना गाउँपालिका-४ का प्रदीप शाही, जुम्ला चन्द्रनाथ नगरपालिका-१ का प्रेम परियार, भारत झारखण्डका बुधन मुण्डा र भारत बिहारका नन्द किशोर रहेका छन्।

उनीहरूको उद्धारपछि तत्कालै घटनास्थलमा स्वास्थ्यकर्मीको टोलीले स्वास्थ्य परीक्षण र उपचार गरी स्वास्थ्यमा सुधार आएपछि थप उपचारका लागि नुमको स्वास्थ्य चौकीमा भर्ना गरिएको छ। उनीहरूको अवस्था सामान्य बन्दै गएको थप प्रमुख जिल्ला अधिकरीले गणेशबहादुर अधिकारीले बताउनुभयो।

प्रहरी नायव उपरीक्षक श्यामसारु मगरले शुक्रबार साँझ सुरुङ प्रवेश मार्गमाथिबाट ठूलो पहिरो गएको र सुरुङ मार्गमा लगातार पानी परी पहिरो जाने क्रम नरोकिएकाले उद्धारमा कठिनाइ भए पनि लगातारूपमा पहिरो हटाउन विस्फोटक पदार्थ, स्काइभेटर र डोजरको प्रयोग गरी पहिरो पन्छाउने काम गरिएकाले सुरुङमा फसेका ४ जनाको सकुशल उद्धार गर्न सकिएको बताउनुभयो।

उद्धारमा जनपथ प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाको टोलीसहित स्थानीयबासी खटिएका थिए। अविरल वर्षाका कारण गएको पहिरोले अरुण तेस्रो जलविद्युत्को सुरुङ मार्ग जाने बाटा र पुललगायतमा ठूलो क्षति पुऱ्याएको बताइएको छ।

अरुण तेस्रो जलविद्युत् आयोजनाको ड्याम साइड (क्षेत्र) मकालु गाउँपालिकाको फयाकसिन्दामा रहेको छ भने पावर हाउस भने चिचिला गाउँपालिकाको पुखुवामा रहेको छ। अरुण तेस्रो आयोजनाबाट ९ सय मेघावाट विद्युत् उत्पादन हुने र सन् २०२२ सम्ममा सम्पन्न गर्ने योजना रहेको छ।

# होटल नान्सको क्यासिनोमा प्रहरीको छापा

**यमलाल भुसाल, बुटवल**

अवैध ढंगले सञ्चालन भएको आशंकामा प्रहरीले रुपन्देही जिल्लाको भैरहवामा सञ्चालित नान्स होटलको मिनी क्यासिनोमा छापा मारेको छ। संघीय प्रहरी एकाइ कार्यालय लुम्बिनी भैरहवाबाट खटिएको टोलीले क्यासिनोमा छापा मारेको हो।

छापा मार्दा ४/५ जना नेपाली ग्राहक पनि भेटिएपछि प्रहरीले उनीहरूलाई समेत नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा राखेको छ। कानुनले क्यासिनोमा नेपाली ग्राहकलाई प्रवेशमा प्रतिबन्ध गरेको छ।

क्यासिनो सञ्चालकले त्यहाँ भेटिएका नेपाली क्यासिनोका कर्मचारी भएको दाबी गरे पनि परिचयपत्र नभएकाले नियन्त्रणमा लिएर अनुसन्धान शुरू गरिएको संघीय प्रहरी एकाइ कार्यालयका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्र ढकालले बताउनुभयो। होटल नान्सले सञ्चालन गरेको क्यासिनो अवैध भन्दै सञ्चारमाध्यममा समाचार प्रकाशित भएको आधारमा सत्य तथ्य बुझ्न छापा मारिएको ढकालले बताउनुभयो। उहाँले क्यासिनो सञ्चालनसम्बन्धी आधिकारिक कागजपत्र मागिएको समेत जानकारी दिनुभयो।

२०६८ वैशाख १६ गते भैरहवास्थित होटल नान्समा मिनी क्यासिनो सञ्चालन गर्ने गरी रुपा इन्टरनेसनलले १० वर्षे सम्झौता गरेको थियो। रुपाका सञ्चालक मनोज सुवेदी र हयाप्पी आवरका सञ्चालक सुरेन्द्रबहादुर सिंहबीच केही समयपछि विवाद हुँदा उक्त विवाद अदालतमा पुगेको थियो। दुवै पक्षले अदालतमार्फत अन्तरिम आदेश लिई अहिलेसम्म दुवै स्थानमा क्यासिनो व्यवसाय सञ्चालन गरिरहेका छन्।

त्यसअघि ०७४ वैशाख २४ गते पनि सर्वोच्च अदालतले नान्समा सञ्चालित क्यासिनो 'सञ्चालन गर्न नरोक्नू' भन्ने अन्तरिम आदेश दिएको थियो भने पछिल्लो समय होटल लाकौलमा सञ्चालित क्यासिनो सञ्चालन गर्न सर्वोच्चले अन्तरिम आदेश दिएको थियो।

# सेती नदीमा विपद् प्रतिकार्य अभ्यास

**विमल बिष्ट, डोटी**

डोटीमा प्राकृतिक विपद्मा बाँच्न र बचाउन घटना अभ्यास गरिएको छ। सेती नदीमा अभ्यास भइरहँदा नदीछेउ भएर हिँड्ने यात्री भने एकछिन अचम्म परे, साँच्चै हो कि? भनेर तर, त्यो घटना अभ्यासमात्रै थियो।

प्राकृतिक विपद्का विभिन्न घटनाबाट कसरी बँच्न र बँचाउन सकिन्छ भन्ने बारेमा जानकारी दिन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा डोटीले विपद् प्रतिकार्यका लागि सामुदायिक पहल कार्यक्रमअन्तर्गत गरिएको कृत्रिम घटना अभ्यास थियो। नेपाल प्रहरी, नेपाली सेना र स्थानीयबासीको सहभागितामा गरिएका विभिन्न अभ्यासले धेरै कुरा जान्ने अवसर पाएको दिपायल सिलगढी नगरपालिका वडा नम्बर ३ का स्थानीयबासी शंकर द्वारियाले बताउनुभयो।

उहाँले भन्नुभयो- 'सेती नदीमा १ जना मान्छे बचाऊ-बचाऊ भन्दै बगिरहेको थियो प्रहरी र सेनाको उपस्थितिमा तालिम प्राप्त उद्धारकर्ताले उनलाई बचाइरहेको देख्दा कसलाई के भयो भनेर हतारमा दौडेर आएँ तर, त्यो वास्तविक रहेनछ, हामी त चकित पर्‍यौं।' डोटीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार

यादवले बर्खाको समय शुरू भएको र प्राकृतिक विपद्का घटना जति बेला पनि घट्ने भएकाले यो पूर्वअभ्यास गरेको बताउनुभयो। उहाँले अब जिल्ला विपद् व्यवस्थापन समितिको बैठक राखेर छलफल गर्ने र स्थानीय तहलाई पनि तयारी अवस्थामा राखिने जानकारी दिनुभयो।

रेडक्रस डोटी शाखाले सन् २०१२ देखि डोटीका विभिन्न स्थानमा प्रतिकार्यका लागि पहल टोली गठन, आधारभूत खोज तथा उद्धार सामग्री वितरण, वडास्तरीय विपद् प्रतिकार्य निर्माणलगायतका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको कार्यक्रम अधिकृत कर्ण साउदले बताउनुभयो।

# महाकालीको पानीमा समान हकको माग

**हरकसिंह धामी, कञ्चनपुर**

कञ्चनपुरमा आयोजना गरिएको महाकाली संवाद कार्यक्रमका सहभागीले महाकाली नदीको पानीमा नेपाल-भारतका बासिन्दाको समान हक हुनुपर्नेमा जोड दिएका छन्। महाकाली नदीको पानीमा २ देशका नदीतटीय क्षेत्रमा बस्ने बासिन्दाको समान हक हुनुपर्ने २ देशका सिँचाइ अधिकारी तथा अन्य सरकारी तथा गैरसरकारी र स्थानीयबीच भएको अन्तर्क्रियामा यस्तो कुरा आएको हो।

उक्त कार्यक्रममा नेपाल र भारतका तटीय जनताले पानीमा पाउनुपर्ने समान हक नपाएको सहभागीले बताएका छन्। त्यसमा पनि नेपालीले महाकाली सन्धिबमोजिम पाउनुपर्ने पानी पनि नपाएको गुनासो गरेका छन्। १९९६ मा गरिएको महाकाली सन्धि नै गलत भएको र यसलाई चाँडै सच्याउनुपर्ने नेपाली सहभागीको माग रहेको छ। लामो समयदेखि चलीआएको रोटी र बोटीको सम्बधलाई भारतका तल्लोस्तरका कर्मचारीका कारण २ देशबीचको सम्बन्ध बिग्रँदै गएको र परिणामस्वरुप आम जनताले सास्ती खेप्नुपरेको सहभागीको गुनासो रहेको थियो।

७ नं. प्रदेशका भौतिक पूर्वाधार तथा विकासमन्त्री पठानसिंह बोहराले २ देशबीचको नदी किनारामा बसोबास गर्ने जनताको समस्या समाधानका लागि प्रदेश सरकारले प्राप्त गरेको अधिकार पूर्णरूपमा प्रयोग गर्ने र संघीय सरकारसँग समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

# ६४ हजारको औषधिको १ लाख २९ हजारको बिल ठगी गर्ने फार्मेसी सञ्चालक पक्राउ

**नेपाल समाचारपत्र**

विराटनगर

विराटनगर अस्पतालअगाडि खुलेको फार्मेसीले उपचार गर्न आएका १ युवालाई ६४ हजारको औषधि दिएर १ लाख २९ हजारको बिल बनाएको पाइएको छ। अस्पतालअगाडि खुलेको महाकाल मेडिकल हलले श्याम मगरको उपचारका लागि गत सोमबार यता ६४ हजारबराबरको औषधि दिएर १ लाख २९ हजार ६ सय रुपियाँको बिल बनाएको पाइएको हो।

फार्मेसीले बढी औषधि दिएको बिल बनाएर ठगी गरेको थाहा पाएपछि मगरका भाइ पूर्णबहादुरले प्रहरीलाई खबर गरेका थिए। उजुरी परेपछि प्रहरीले फार्मेसीका सञ्चालक आशीष भगतलाई पक्राउ गरेको छ। फार्मेसीका सञ्चालकले गत सोमबारदेखि सघन उपचार कक्ष (आईसीयू)मा उपचार गराएका मगरका लागि १ लाख १९ हजार ६ सयको औषधि दिएको हिसाब आफन्तलाई बुझाएका थिए।

फार्मेसीले अस्पतालबाट डाक्टरले दिएको पुर्जा (औषधिको नाम लेखिएको चिर्कटो) मा भन्दा बढी औषधि दिएको हिसाब देखाएको थियो। फार्मेसीले २ थान औषधिलाई १२ थान, ९ थान औषधिलाई १९ थान बनाएर लेखेर ठगी गर्न खोजेको थियो। औषधिको मूल्य पनि सामान्यभन्दा बढी पाइएपछि प्रहरीमा उजुरी गरेको भाइ पूर्णले जानकारी दिए।

अस्पतालले औषधि ल्याउन दिएको पूर्जीको सक्कलमा इन्जेक्सन नोराल्ड २ एमएल ९ थान लेखिएको छ। तर फार्मेसीले ९ को अगाडि १ थपेर १९ बनाएको छ। १९ वटाको मूल्य ५ हजार ७ सय ९५ लेखेको छ। त्यस्तै डाक्टरले २ वटा औषधि ल्याउन दिएको पुर्जीमा पनि २७ सय र ३७ सयको नयाँ औषधिको नाम थपेर लेखिएको छ।

आईसीयूमा राखेका मगरलाई काठमाडौं लैजान रिफर गरेपछि उनको परिवारले बिहीबार घर लैजाने तयारी गरेको थियो। घर लैजानुअघि औषधिको हिसाब गर्दा १ लाख २९ हजारको बिल देखाएपछि आफन्त हच्किएका थिए। शुरूमा बिल घटाउन नमानेका फार्मेसी सञ्चालक गुप्ताले बिरामीका आफन्तले प्रहरीलाई खबर गरेपछि पुनः हिसाब गर्दै ६४ हजार

विगो नं. : ३९५

मोरङ जिल्ला अदालतबाट जारी भएको काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ३५ पेप्सिकोला भगवती मन्दिर छेउ डेरा गरी बस्ने बर्ष ४७ को उपेन्द्र बहादुर लिम्बू (९८१९३१७८७१/ ९८६०२०९३६९) का नामको ३५ दिने म्याद .....।

उप्रन्त वादी राधादेवी गिरी र प्रतिवादी तपाई समेत भएको लेनदेनको विगो मुद्दामा यस अदालत बाट राष्ट्रिय स्तरको पत्रिकाबाट जारी गर्नु भन्ने आदेशानुसार तपाईको नामको म्याद सूचना यस राष्ट्रिय स्तरको दैनीक पत्रिकाबाट जरी गरीएको छ। सूचना जरी भई प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र फैसला बमोजिम सावाँ रु २,६०,०००। (दुई लाख साठ्ठी हजार)। सो को ब्याज तथा कोर्ट फि रु ७,१५८।- समेतको रकम अदालत खुलेको समयमा यस अदालतमा दाखिला गर्न ल्याउनु होला, पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत्२०७५ साल असार ३ रोज १ शुभम्.....।

## अधिकृत वारेशनामा बदर गरेको सूचना

**जिल्ला सप्तरी राजबिराज न.पा. वडा नं. २ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. साविक ३३ (हाल ३०) बस्ने म सौरभ तिवारी (ना.प्र.नं. १६३००१/९७, मिति २०६३/१२/१८, जि.प्र.का. सप्तरी)को नाममा मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला साविक गरामनी गा.वि.स. वडा नं. ७(क), कि.नं. १०९७ को क्षेत्रफल ०-३-६-० (१११७.५१) ब.मी.) जग्गा रजिष्ट्रेशन पारित गरी बिक्री गर्नका लागि झापा जिल्ला साविक गरामनी गा.वि.स. वडा नं. ७ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. १५ बस्ने वर्ष २१ की तपाई रेजिना आचार्य (ना.प्र.नं. ०४१०१४/७३१, मिति २०६५/४/२०, जि.प्र.का. झापा) लाई मिति २०७३/२/३ मा श्री काठमाडौं जिल्ला अदालतबाट अधिकृत वारेशनामा प्रमाणित गरिदिएकोमा उक्त अधिकृत वारेशनामामा उल्लेखित जग्गा अव बिक्री गर्न नपर्ने भएकोले उक्त जग्गा बिक्री गर्न भनि मैले श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०७३/२/३ मा प्रमाणित गरीदिएको अधिकृत वारेशनामा मु. ऐन अ.वं. १७१ (ग) नं. बमोजिम आज मिति २०७५/३/४ गतेका दिन बदर गरिदिएको छु। उक्त मिति पछि उक्त जग्गा बिक्री नगर्नका लागि यो सार्वजनिक सूचना प्रकाशित गरेको छु। ईति सम्वत् २०७५ साल असार ४ गते रोज २ शुभम्।**

नेपाल सरकार
शहरी बिकास मन्त्रालय
**शहरी बिकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय कास्की**

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७५।०३।०४**

यस डिभिजन कार्यालयबाट २०७४/०३/३१ को अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ।

| सि.नं. | ठेक्का नं. | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (VAT बाहेक) |
|---|---|---|---|
| १ | DUDBC/Kaski/NCB/ Works/36/073/74 | श्याम सुन्दर/गोर्खा जे.भी., मिनभवन, काठमाण्डौं | २१,१३,६२,९३९/२५ |

**डिभिजन प्रमुख**

## हार्दिक श्रद्धान्जली

जन्म : १९९८ माघ १५
स्व. कर्णजङ्ग थापा
स्वर्गारोहण : २०७५ जेष्ठ २३

यस सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक तथा यस बगाले थापा कल्याणकारी परिषदका उदारमना बरिष्ठ सल्लाहकार श्री कर्णजङ्ग थापाको ७७ बर्षको उमेरमा निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनागर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौ। साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ।

**सप्तगण्डकी बचत तथा ऋण सहकारी संस्था लि.**
भीमसेनगोला ३१ पुरानो
बानेश्वर, काठमाण्डौ

**बगाले थापा कल्याणकारी परिषद्**
केन्द्रीय कार्यालय धापाखेल, ललितपुर

**सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## हार्दिक श्रद्धान्जली

जन्म : २७ पौष १९८४
स्वर्गारोहण : २३ जेठ २०७५
स्व.रामकुमारी राई

यस संघका उपाध्यक्ष श्री सुवाश चन्द्र राईका ममतामयी माता श्रीमती **रामकुमारी राई** को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रदाञ्जली व्यक्त गर्दछौं।
साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी श्री परमेश्वरसंग प्रार्थना गर्दै भावपूर्ण समवेदना व्यक्त गर्दछौं।

**नेपाल स्क्वास राकेट्स संघ, परिवार**
**सातदोबाटो, ललितपुर**